# रेडियोः मेरो गुरु

**सनत रेग्मी**

क्षेत्रीय मुकाम भए पनि नेपालगञ्ज तत्कालीन अवस्थामा साह्रै पिछडिएको सहर थियो । अझ भनौं, सहर भएर पनि त्यसले सहरी सुविधाहरू पाउन सकेको थिएन । बाटोघाटो सबै धुलैधुलोले भरिएका थिए । बजारको प्रवृत्ति पनि मौसमी थियो । वर्षा सकिएपछि पहाडतिरबाट, हाट भर्न हटाऊहरू ओइरिन्थे अनि मात्रै बजारको चहलपहल बढ्थ्यो । मनोरञ्जनका साधनका नाममा रामलीला, नौटङ्की र स्थानीय मेलाहरू बाहेक एउटा सानो सिनेमा हलसम्म थियो । यो आजभन्दा झण्डै पाँच दशकअघिको कुरा हो ।

अलि जान्ने सुन्ने भएपछि मैले सर्वप्रथम चिनेको नयाँ र अनौठो वस्तु थियो ग्रामोफोन । २००९/१० सालतिर हो क्यारे, हाम्रो घरमा पाहुना आउनु भएको थियो– ललितजङ्ग सिजापति । उहाँ तत्कालीन सुदूरपश्चिमका पहाडी जिल्लाहरूको भ्रमण गर्ने र गोर्खा परिषद्को सङ्गठन बिस्तार गर्ने उद्देश्यले आउनु भएको थियो । ग्रामोफोन पनि साथमा ल्याउनुभएको रहेछ तर भ्रमणमा अप्ठेरो पर्ने भएकाले सो ग्रामोफोन हाम्रै घरमा छोडेर जानु भयो । त्यही ग्रामोफोन मैले देखेको पहिलो मनोरञ्जनको

साधन थियो । रेडियो त त्यति बेला ठूलाबडाले मात्र राख्दथे । मध्यमवर्गसम्म पुगेकै थिएन । हाम्रो सहरभरिमा १०/१२ जनाहरूसँग मात्र रेडियो थियो ।

मैले रेडियो सर्वप्रथम २०१०/११ सालतिर राणा पिताम्बरजङ्गको बैठक कोठामा देखेको थिएँ । मेरो हजुरबुबाले पौरोहित्य कर्मका लागि मलाई पनि साथ लिएर त्यहाँ जानु भएको थियो । उहाँ आफ्नो कर्मकाण्ड कार्यमा लाग्नु भयो । म राणाजीको बैठकको एउटा कुनामा टुक्रुक्क बसेर कोठाको वैभव उत्सुकतापूर्वक हेरिरहेको थिएँ । बैठकको एउटा कुनामा अचेलको २१ इञ्ची टेलिभिजनजत्रै काठको बाकसभित्र यन्त्रहरू जडान गरेर बनाइएको रेडियो थियो त्यो । रेडियो चलाउन गाडीमा राखिने १२ भोल्टको एसिड ब्याट्री रेडियो भएको टेबुलको तलतिर राखिएको थियो । रेडियोबाट दुइटा तार तानेर माथि नै कौसीमा टाँगिएको मसिनो तारहरूको जालीदार एन्टिनासँग जोडिएको हुन्थ्यो । त्यस रेडियोबाट अत्यन्त मधुरो आवाजमा नेपाली भाषामा कार्यक्रम आउँथ्यो भने हिन्दीभाषाका कार्यक्रमहरू प्रस्ट आवाजमा सुन्न सकिन्थ्यो ।

नेपालगञ्जका रेडियोहरूमा अधिकांश हिन्दी कार्यक्रमहरू नै बज्थे त्यसताका । रेडियो नेपालको प्रसारण साह्रै मधुरो सुनिने भएकाले समाचार बाहेक अन्य कार्यक्रम भारतीय रेडियो स्टेसनका हुन्थे । बिस्तारै म अलि ठूलो हुँदै गएँ, रेडियो भने सानो हुँदै गयो । काठको बाकसको रेडियो सानो आकारको हुँदै हुँदै, प्लास्टिकको बाकसमा सानो आकारमा देखा पर्न थाल्यो । रेडियो अलि सस्तो पनि भयो । साहू महाजन तथा सरकारी कर्मचारीहरूको घरमा पनि रेडियो बजेको सुनिन थाल्यो । त्यतिखेर रेडियो नेपालबाट बज्ने, मेलवा देवी, कोइली देवी, फत्तेमान, नातिकाजी, धर्मराज थापाका गीतहरू नै बजारमा घन्किएका सुनिन्थे । मनोरञ्जक गीत र समाचारका अतिरिक्त अन्य कार्यक्रम आफ्नो घरमा रेडियो नआउञ्जेल मैले सुन्न पाएको थिइनँ । बजारका पसलहरूमा बज्ने गरेका फिल्मी गीत सुन्थैँ । रेडियो भएका साथीको घरमा गएका बेला धर्मराज थापा, कोइली देवी आदिका गीतहरू सुनेको सम्झना छ मसित ।

म निम्न वर्गीय परिवारमा हुर्केको मान्छे, त्यसमा पनि पितामह पण्डित चुडामणि रेग्मी, साहित्यका अध्येता, शिक्षक भएकाले हाम्रो घरमा पुस्तक त हुन्थे तर रेडियो चाहिँ थिएन । पत्रपत्रिका भने म पढ्थैँ । सहरको एकमात्र पुस्तकालय– प्रेम पुस्तकालय हाम्रो पसलको सामु नै भएकाले प्रत्येक साँझ म त्यहाँ पुराना *गोरखापत्र*, हिन्दीका ताजा अखबार र मासिक पत्रपत्रिका पढ्ने गर्दथैँ ।

मैले नियमित रेडियो सुन्न थालेको २०१८ सालपछि मात्र हो । त्यति बेलासम्म हाम्रो परिवारको आर्थिक स्थिति सुदृढ हुँदै गएको थियो । पिताजीले

२०१३ सालमा खोल्नु भएको पुस्तक पसलले राम्रै व्यवसाय गर्न थालेको थियो । उहाँले पसल खोल्न लिनुभएको ऋण साँवा ब्याज चुक्ता भइसकेको अवस्था थियो । बिहान बेलुकाको के खाउँ के लाउँबाट हाम्रो परिवार निस्फिक्री भइसकेको थियो । म छ कक्षामा पढ्दै थिएँ । त्यति बेला ट्राञ्जिस्टर पाउन थालिसकिएको थियो । पिताजीले काठमाडौँबाट पुस्तकहरू लिएर आउँदा 'फिलिप्स' कम्पनीको एउटा ट्राञ्जिस्टर पनि किनेर ल्याउनु भयो । त्यसपछि मैले नियमित रूपमा रेडियो सुन्न थालेको हुँ । तराइमा जन्मेको, तराइमै हुर्केको हुनाले मेरो नेपाली भाषा ज्ञान राम्रो थिएन । बोलाइ पनि अवधी मिश्रित हुन्थ्यो । पिताजीले "नेपाली रेडियो सुन, भाषा सुध्रिन्छ" भन्नु भएपछि मैले रेडियो नेपाल सुन्न थालेँ । रेडियो नेपालमा पनि दिउँसोको कार्यक्रममा आउने गीतिकथा, लोकगीत र रेडियो नाटक म सुन्ने गर्दथेँ । समाचार चाहिँ साँझ सात बजे मात्र सुनिन्थ्यो । बिहानको समाचार म अक्सर सुन्दिनथेँ ।

रेडियो नेपालमा बज्ने गीतहरूमा प्रेमध्वज प्रधान, शिवशङ्कर, फत्तेमान, नातीकाजीका गीत तथा कुमार बस्नेत र धर्मराज थापाका लोकगीतहरू मलाई विशेष मन पर्थे । २०२४ सालपछि गणेश रसिक, नारायणगोपाल, वासुदेव मुनालका गीतहरू बज्न थाले । मलाई नारायणगोपाल, गणेश रसिक, कुमार बस्नेत आदिका गीतहरू मन पर्दथे । कहिलेकाहीँ रातीको प्रोग्राममा, सतीशचन्द्र रेग्मीको सितारवादन आउँदा अवश्य सुन्थेँ । शास्त्रीय सङ्गीतमा मलाई सितार वादन अत्यन्त मन पर्छ । सितार वादनको कार्यक्रम म पाएसम्म छोड्दिनथेँ । पिताजी गोपाल शर्मा रेग्मी सितारको साह्रै सौखीन हुनुहुन्थ्यो । उहाँले प्रख्यात कवयित्री प्रेम राजेश्वरी थापाका साथ, पूर्णचन्द्र रेग्मीबाट सितार वादन सिक्नु भएको थियो । घरमा पनि उहाँ प्रतिदिनजसो सितार बजाउनु हुन्थ्यो । त्यसैकारणले पनि म सितार सुन्दथेँ । नेपाली साहित्यमा अभिरुचि भएका हुनाले म रेडियो नेपालको *साहित्यिक कार्यक्रम* विशेष अभिरुचिका साथ सुन्थेँ । तर पनि म हिन्दी सिनेगीत, भारतीय शास्त्रीय सङ्गीत, समाचार भने नियमित सुन्ने गर्दथेँ । त्यति बेला रेडियो सिलोनको *बिनाका गीतमाला* निकै चर्चित थियो ।

आजभोलि त रेडियो न पुगेको ठाउँ विरलै होला । घर घरमा रेडियो छ । खेतका आलीमा रेडियो घन्काएर खेतमा काम गरिरहेका किसान पनि भेटिन्छन् । सस्ता मूल्यमा गोजीमा अटाउने रेडियो बजारमा उपलब्ध छन् । रेडियो निम्न मध्यम परिवारसम्मका निम्ति अनिवार्य वस्तु भइसकेको छ । अहिले सूचनाको युगमा मसँग टेलिभिजन छ र अन्य सञ्चार साधनको सुविधा छ र पनि म रेडियो नियमित सुन्दछु । छिटो समाचार थाहा पाउन एफएम रेडियो सुन्ने

गर्दछु । एफएम रेडियो काठमाडौँबाहिर पनि बिस्तार हुँदैछ । तर अझै पनि नेपाल अधिराज्यका कतिपय स्थानमा सूचनाको स्रोत रेडियो नेपाल मात्रै हो ।

सूचनाका तमाम संयन्त्रको विकास भइसकेपछि पनि नेपाल जस्तो भौगोलिक विविधता भएको स्थानमा सस्तो र सुलभ साधन भनेको रेडियो नै हो । रेडियोका हजारौँ हजार स्रोताहरू नेपालका कुना काप्चामा छरिएर रहेका छन् । अहिले म टेलिफोन, टेलिभिजन, कम्प्यूटर आदि सूचनाका स्रोतहरूको उपभोक्ता भैसकेको छु । तर पनि म रेडियोलाई अत्यन्त माया गर्दछु किन भने जुन बेला म आफ्नो भाषा सुधार्ने उपक्रममा थिएँ त्यस बखत रेडियो नै मेरो गुरु भएको थियो ।